नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.स. २०७७/७८
च.नं./PMEP/२४

मिति: २०७७/०४/१३

**श्री नगरपालिका र गाउँपालिका, सबै**

**मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदबार, काठमाण्डौ।**

**बिषय:- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत *युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना* कार्यान्वयनको शर्त सम्बन्धमा ।**

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप सुदृढीकरण गर्न विश्व बैंकको ऋण सहायतामा सञ्चालन हुने 'युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (**Youth Employment Transformation Initiative Project-(YUBARUP)**)' को अवधि १२ सेप्टेम्बर २०१९ देखि ३० जुन २०२४ सम्म रहेको व्यहोरा अनुरोध छ । यस आयोजनाले रोजगारीका अवसरको सिर्जना, सीप तथा क्षमता अभिवृद्धि र रोजगार सेवाको विस्तार मार्फत अति विपन्न तथा जोखिमपूर्ण अवस्थामा रहेका सूचीकृत बेरोजगार व्यक्तिहरुलाई प्रत्येक स्थानीय तहमा १०० दिनको न्यूनतम रोजगारी र नमूनाका रूपमा ५० दिनसम्मको सीप तथा क्षमता विकासका क्रियाकलापद्धारा युवाका लागि श्रम बजारको पहुँच बृद्धिमा सुधार ल्याउने लक्ष्य लिएको छ।

चालु आर्थिक वर्ष२०७७।७८ मा यस आयोजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गर्न विश्व बैंकको सोधभर्ना हुने ऋण र नेपाल सरकार तर्फको स्रोत समेत वित्तीय हस्तान्तरणको माध्यमबाट सशर्त अनुदानको रूपमा स्थानीय तहमा हस्तान्तरण भईसकेको व्यहोरा विदितै छ । बजेट तथा कार्यक्रमको विवरण यस कार्यक्रमको वेवसाइट **http://pmep.gov.np/notice**मा समेत उपलब्ध छ ।

साथै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(२) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ भन्ने व्यवस्था छ । सो बमोजिम नेपाल सरकार तथा विश्वबैंक बीच भएको आयोजना सम्बन्धी सम्झौतामा उल्लेखित शर्त अनुसार यस आयोजनाको कार्यक्रमहरू स्थानीय तहले देहाय बमोजिमका शर्तहरुको पालना गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७७/०४/१३ निर्णयानुसार अनुरोध छ:-

सशर्त अनुदानको कार्यान्वयनका शर्तहरु

१. यस आयोजनाको सञ्चालन तथा कार्यान्वयन **युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६** बमोजिम हुनेछ । उक्त कार्यविधि यस कार्यक्रमको वेबसाइट **www.pmep.gov.np/act-regulation**मा समेत उपलब्ध छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.स. २०७७/७८
च.नं./PMEP/

२. यस आयोजनाको लागि कामका लागि पारिश्रमिकमा आधारित आयोजना कार्यान्वयन गर्दा शर्त १ मा उल्लिखित कार्यविधिको दफा २९ अनुसारको ढाँचामा आयोजनाको प्रस्ताव भई दफा ३० अनुसारको आयोजना तर्जुमा गरी दफा ३१ अनुसार स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रममा समावेश भएको हुनुपर्नेछ ।

३. शर्त २ अनुसारको आयोजनाको विवरण **'स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४'**बमोजिमको वार्षिक विकास कार्यक्रमको ढाँचामा तयार गरी रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गर्नुपर्नेछ ।

४. स्थानीय तहले शर्त १ मा उल्लिखित कार्यविधिको दफा २३ अनुसार *बेरोजगारको सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६* बमोजिम बेरोजगार व्यक्तिको प्राथमिकीकरण गर्नुपर्नेछ।

५. आयोजनाले छनौट भएका बेरोजगार व्यक्तिहरुलाई शर्त १ मा उल्लिखित कार्यविधिको दफा २८ अनुसारको रोजगारी उपलव्ध गराउनुपर्नेछ । यस आर्थिक वर्षमा कामका लागि पारिश्रमिकमा आधारित आयोजनाको कार्यान्वयन हुने हुनाले शर्त १ बमोजिम आयोजना प्रस्ताव गर्दा सूचिकृत भएका बेरोजगार व्यक्तिलाई न्यूनतम १०० दिनको रोजगारी उपलव्ध हुने गरी वार्षिक योजना नीति तथा कार्यक्रममा समावेश गर्नुपर्नेछ ।

६. शर्त १ मा उल्लिखित कार्यविधिको परिच्छेद १४ बमोजिम यस मन्त्रालयले आयोजनाको अनुगमन र मूल्यांकन योजना बनाई अनुगमन र मूल्यांकन गर्नेछ ।साथै स्थानीय तहले यस आयोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरूको अनुगमन, मूल्यांकन र प्रतिवेदन गर्नुपर्नेछ ।

७. स्थानीय तहले शर्त १ मा उल्लिखित कार्यविधिको परिच्छेद १५ बमोजिम वातावरणीय तथा सामाजिक पक्षको संरक्षण र जोखिमको विश्लेषण गर्दै आयोजना कार्यान्वयन गर्नुपर्नेछ ।

८. यस कार्यक्रमको बजेट ब.उ.शी.नं. ३७१००१०२ खर्च शिर्षक नं.२६३३२ बाट ७५३ वटा स्थानीय तहमा बजेट तथा कार्यक्रम विनियोजन गरी पठाइसकिएको छ ।कार्यक्रम र स्रोतगत रूपमा एकिन गरी सम्बन्धित कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ ।सोको विवरण यसप्रकार रहेको छः

| खर्च शिर्षक | कार्यक्रम/क्रियाकलाप | पुस्त्याई | स्रोत र स्रोतको प्रकार | कैफियत |
|---|---|---|---|---|
| २६३२२ | प्राविधिक सहायकको तलब | यस कार्यक्रम अन्तर्गत नियुक्त भएका प्राविधिक सहायकको तलब | IDA सोधभर्ना हुने ऋण | स्रोतगत रूपमा सम्बन्धित कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्ने |
| | प्राविधिक सहायकको पोसाक | यस कार्यक्रम अन्तर्गत नियुक्त भएका प्राविधिक सहायकको पोशाक | IDA सोधभर्ना हुने ऋण | |
| | प्राविधिक सहायकको स्थानीय भत्ता | स्थानीय भत्ता उपलब्ध हुने स्थानीय तहमा मात्र लागू हुने(यस कार्यक्रम अन्तर्गत नियुक्त भएका प्राविधिक सहायक) | IDA सोधभर्ना हुने ऋण | |
| | रोजगार संयोजकको तलब | यस कार्यक्रम अन्तर्गत नियुक्त भएका रोजगार संयोजकको तलब | नेपाल सरकार | |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.स. २०७७/७८
च.नं./PMEP/

| खर्च शिर्षक | कार्यक्रम/क्रियाकलाप | पुस्ट्याई | स्रोत र स्रोतको प्रकार | कैफियत |
|---|---|---|---|---|
| | रोजगार संयोजकको पोशाक | यस कार्यक्रम अन्तर्गत नियुक्त भएका रोजगार संयोजकको पोशाक | नेपाल सरकार | |
| | रोजगार संयोजकको स्थानीय भत्ता | स्थानीय भत्ता उपलब्ध हुने स्थानीय तहमा मात्र लागू हुने(यस कार्यक्रम अन्तर्गत नियुक्त भएका रोजगार संयोजक) | नेपाल सरकार | |
| | रोजगार सेवा केन्द्रको सञ्चालन खर्च | यस शिर्षक अन्तर्गतः- सञ्चार, कार्यालय सञ्चालन, अनुगमन मूल्यांकन र विविध खर्च शिर्षकमा खर्च गर्नु पर्नेछ । | IDA सोधभर्ना हुने ऋण | |
| | रोजगार सेवा केन्द्रको सुदृढीकरण | यस शिर्षक अन्तर्गतः- फर्निचर, कम्प्युटर सेट -१थान, लेजर प्रिन्टर १ थान,Abney level १थान,measuring Tape १थान र अन्य आवश्यक सामाग्री खरिद | IDA सोधभर्ना हुने ऋण | |
| | विपन्न श्रमिकको ज्याला (सूचिकृत बेरोजगार) | सार्वजनिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारका कार्यहरू र स्तरोन्नति लागि भुक्तानी गर्ने, | IDA सोधभर्ना हुने ऋण/ नेपाल सरकार | |

९. आयोजनाको लेखाङ्कन तथा खर्च प्रक्रिया शर्त १ मा उल्लिखित कार्यविधिको परिच्छेद १३ अनुसारको वित्तीय व्यवस्थापन सम्बन्धी व्यवस्था बमोजिम हुनेछ । समग्र वित्त अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिको लागि प्रचलित आर्थिक कानुन अनुसार खर्च गर्ने, लेखाकंन गर्ने र सो को लेखापरीक्षण समेत तहाँबाट गर्नु गराउनु पर्नेछ ।

१०. आयोजनाका लागि आवश्यक पर्ने अनुसूची ३ को (आ) मा उल्लेखित प्राविधिक सहायकको नियुक्ति उल्लिखित कार्यविधिको दफा १३ बमोजिम गर्नु पर्नेछ ।

११. स्वीकृत कार्यक्रममा विनियोजित वजेट कोष तथा लेखा नियन्त्रक कार्यालयवाट निकासा प्राप्त गरी सुत्र प्रणाली (SuTRA Software) वाट मात्र खर्चको लेखाकंन तथा भुक्तानी दिनुपर्ने छ ।सर्त नं. ८ अनुसार प्राप्त कार्यक्रम र श्रोतको प्रकार अनुसार खर्च गरी प्रतिवेदन गर्नु पर्नेछ ।

१२. यस कार्यक्रमको निकासा खर्च र भूक्तानीको श्रेस्ता कागजात छुट्टै रजिष्टरमा स्पष्ट रूपमा स्रोत समेत छुट्टिने गरी राखुपर्नेछ ।

१३. आयोजनाको खर्च विश्व बैंकबाट सोधभर्ना हुने गरी लिइएको ऋण रकम भएको हुँदा स्वीकृत कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ। स्वीकृत कार्यक्रम भन्दा वाहिरका कार्यक्रमको सोधभर्ना हुनेछैन ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.स. २०७७/७८
च.नं./PMEP/

१४. प्रत्येक स्थानीय तहले चौमासिक समाप्त भएको मितिले १५ दिन भित्र र आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र प्रमाणित आर्थिक विवरण यस मन्त्रालयमा Soft copy सहित पठाउनु पर्नेछ । निर्धारित समयमा आर्थिक विवरण प्राप्त हुन नआएमा सोधभर्ना हुने छैन ।

१५. आर्थिक विवरण पठाँउदा सुत्र प्रणाली (SuTRA Software) र कोष तथा लेखा नियन्त्रक कार्यालयको TSA सँग भिडान गरी पठाउनु पर्नेछ ।

१६. आर्थिक वर्षको अन्तमा कार्यक्रम अनुसार खर्च हुन नसकेको रकम सम्वन्धित *कोष तथा लेखा नियन्त्रक कार्यालय* मार्फत नेपाल सरकारको खातामा अनिवार्य फिर्ता गर्नुपर्दछ ।

१७. कार्यक्रमको खर्च भुक्तानी गर्दा अनिवार्य रुपमा सम्वन्धित व्यक्ति, संस्था, फर्मको वैंक खातावाट मात्र भुक्तानी गर्नुपर्नेछ ।

१८. आयोजना कार्यान्वयनमा थप जानकारी र स्पष्टताको लागि **http/pmep.gov.np/act-regulation**मा **"युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६"** र **pmep.gov.np/publication/others** मा **Project Appraisal Document**हेर्न सकिनेछ ।

१९. आयोजना तथा यसको सञ्चालनका सम्बन्धमा स्थानीय तहलाई उपलव्ध गराइने अभिमुखिकरण एवं क्षमता अभिवृद्धिका क्रियाकलापहरु कोभिड-१९ का कारण हाल सञ्चालन गर्न नसकिएको र यस्तो क्रियाकलाप निकट भविष्यमा सञ्चालन हुने व्यहोरा अनुरोध छ ।

२०. साथै चालु आ.ब.*कामका लागि पारिश्रमिक*मा आधारित आयोजना संचालनको लागि (१०० जना भन्दा बढी बेरोजगार सूचिकरण भएको स्थानीय तहको लागि) बेरोजगार सूचिकरण संख्याको आधारमा थप रकम सशर्त अनुदानको रुपमा पछि पठाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

(चन्द्रकला ओली)
उपसचिव

**बोधार्थः**

श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरबार, काठमाण्डौ।

श्री महालेखा नियन्त्रकको कार्यालय, काठमाण्डौ ।

श्री विश्व बैंक, काठमाण्डौ, नेपाल ।